
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २८ गते शनिबार ❑ 13 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'जनताको भावना पृथ्वीचोकमा छ, लखनचोक कहिलेसम्म रहला ?'

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस

पोखराको पृथ्वीचोकमा लखन थापाको नभई पृथ्वीनारायण शाहको सालिक राखिनुपर्ने अडान एकथरी पोखरेलीको छ । अर्को एउटा पक्ष त्यहाँ सहिद लखन थापाकै सालिक यथावत हुनुपर्ने पक्षमा छ । पृथ्वीनारायण शाह वा लखन थापा कसको सालिक राख्ने भन्नेमा पोखरा विभाजित देखिन्छ ।

राष्ट्र गौरव अभियानले पोखरामा शुक्रबार पृथ्वीनारायण शाहको ३०२ औं जन्मजयन्तीको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्ने वक्ताले पृथ्वीचोकमा पृथ्वीनारायण शाहकै सालिक राख्नु जनभावनाको कदर हुने जिकिर गरेका छन् । राप्रपा उपाध्यक्ष रविन्द्र मिश्रले पृथ्वीचोकमा जनताको भावना रहेकाले लखन थापाको सालिक लामो समय रहन नसक्ने बताए । 'बीचमा सहिद लखन थापाको सालिक छ । आसपास बजारका पसलको ब्यानरमा पृथ्वीचोक लेखिएको छ,' उनले थपे, 'जनताको भावना पृथ्वीचोकमा छ, लखनचोक कहिलेसम्म रहला ? जबर्जस्ति सालिक राखेर, जबर्जस्ति शासन गरेर हुँदैन ।' पृथ्वीनारायण शाह भौगोलिक एकीकरणकर्ता मात्र भएको दाबी गर्नु गलत भएको उनले बताए । भौगोलिक एकीकरणसँग भावनात्मक एकीकरण जोडिने र त्यसैले देश एकजुट हुने मिश्रको भनाइ थियो । पृथ्वीनारायण शाहलाई गाली गरेर मार्क्स र लेनिनलाई माला लगाउनेले




देश बनाउन नसक्ने मिश्रको दाबी थियो । देशले पृथ्वीनारायण शाह मात्र नभएर देश बनाउने हुटहुटी भएका राजा महेन्द्रको योगदान बिर्सिन थालेको उनको गुनासो थियो । उनले राजा महेन्द्रको तुलना आधुनिक सिंगापुरका जन्मदाता मानिने ली क्युआन युसँग गरे । राजा महेन्द्र १० वर्ष बढी बाँचेको भए ली क्युआनभन्दा सक्षम प्रमाणीत गर्न सक्ने उनले दाबी गरे ।

उनले देश बिग्रनुमा राजनीतिकर्मी मात्र नभई जनता पनि दोषी रहेको र यो कुरा स्वीकार्न हिच्किचाउन नहुने बताए । राजनीतिकर्मी बिग्रिए चुनावबाट सच्याउन सकिने, जनता बिग्रँदा केही उपाय नरहेकाले जनता बिग्रन नहुने मिश्रको भनाइ थियो । राजनीतिक विश्लेषक सौरभले सहिद लखन थापाभन्दा नेपाल एकीकरण गरेर ठूलो योगदान पृथ्वीनारायण शाहको रहेको दाबी गरे । 'लखन थापालाई सम्मान गर्नुपर्छ । निरंकुश संस्कारविरुद्ध लड्ने जनजातिको छोरा सहिद भयो,' उनले थपे, 'लखन थापाभन्दा पृथ्वीनारायण शाहको योगदान ठूलो छ । राज्य एकीकरण गर्ने पृथ्वीनारायण शाहलाई जातिको हिसाबले हामी किन हेर्छौं ?' उनले पृथ्वीनारायण शाहलाई कास्कीले न्याय गर्नुपर्ने आवश्यकता औंल्याए । 'पण्डितहरुले न्याय नपाए कासी जानू भन्ने बनाए आफूहरु कासी जाने भएर । न्याय नपाए कास्की जानू हुनुपर्ने हो,' सौरभले भने, 'तर, कास्कीले पृथ्वीनारायण शाहलाई न्याय दिएन । न्याय दिनुस् । न्याय दिनुपर्ने छ ।'

इतिहासविद् हरिप्रसाद सोडारीले सालिक निर्माणले मात्र केही नहुने भएकाले सालिक वरपर दिव्यज्ञान राख्न सुझाव दिए । मार्क्सवादभन्दा पनि समृद्धि, एकताको बारेमा बोल्ने पृथ्वीनारायण शाहका दिव्यज्ञानबारे अध्ययन गर्न आवश्यक रहेको उनको भनाइ थियो । उनले नेपाल एकीकरण गरेर पृथ्वीनारयण शाहले देश दिएपनि सशस्त्र युद्द गर्नेले केही दिन नसकेको टिप्पणी गरे । 'नुवाकोटमा जयन्त राणालाई मारेर पृथ्वीनारायण शाहले हामीलाई नेपाल दिए । २०५२ सालदेखि आन्दोलन गर्नेले के दिए ? गाउँबाट मात्र होइन सहरबाट युवा पनि हराइसके,' उनले भने । राष्ट्र गौरव अभियानले पृथ्वीचोकमा जसरी पनि पृथ्वीनारायण शाहको सालिक राख्ने घोषणा गरेको छ । अभियानका संयोजक सिरोज विजय कोइरालाले लखन थापाको सालिक अन्य ठाउँमा स्थानान्तरण गरेर पृथ्वीचोकमा पृथ्वीनारायण शाहको सालिक राख्ने घोषणा गरेका हुन् । उनले कम्तीमा २५ फिटदेखि ५० फिटसम्मको मूर्ति राख्ने दाबी गरे । 'पृथ्वीचोकमा पृथ्वीनारायणको कम्तीमा २५ फिटदेखि ४०/५० फिटको सालिक राख्ने घोषणा गर्दछु,' उनले भने, 'पोखराका मेयर साबलाई हामी सम्झाउने छौं । यत्रो देश दिनेलाई के दिनुपर्छ हामी उहाँलाई बुझाउने छौं । यहाँभन्दा ठूलो सालिक कहीँ हुने छैन ।' कुनैबेला पृथ्वीचोकमा रहेको पृथ्वीनारायण शाहको सालिक संरक्षण गर्न नसक्ने जिल्ला प्रशासन कार्यालयको नेतृत्व आफूहरूले पोखरामा गरेको कार्यक्रम देखेर झस्किएको र थ्रेट महशुस गरेको कोइरालाले सुनाए । अभियानका प्रवक्ता अरूण गिरीले पृथ्वीचोकमा पृथ्वीनारायण शाहको सालिक राखेर उनको योगदानको सम्मान गरिनुपर्ने बताए । लखन थापाको सालिक पोखरा महानगरपालिकाले स्थानान्तरण नगरे आफूहरूले नै गर्ने उनको भनाइ थियो ।

कार्यक्रमको पूर्वसन्ध्यामा पोखराका तीन ठाउँबाट ऱ्याली निकालिएको थियो । राष्ट्र गौरव अभियानले चिप्लेढुंगाबाट पृथ्वीचोकसम्म, राप्रपा कास्कीले अमरसिंहचोकबाट पृथ्वीचोकसम्म रठकुरीसमाजनेपाललेछोरेपाटनदेखि पृथ्वीचोकसम्म ऱ्याली निकालेको थियो ।

## सरुभक्त र जर्ज जोन शिक्षा सेवाबाट सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस

राष्ट्रिय निजि तथा आवासिय विद्यालय एसोसियसन नेपाल कास्की (एन प्याब्सन) ले २५ औ स्थापना दिवस (रजत जयन्ती) विविध कार्यक्रम गरि मनाएको छ ।

रजत जयन्तीको अवसरमा यो वर्ष देखि शिक्षा सेवा सम्मान– २०८० वाट शिक्षा र साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका दुई व्यक्तिलाई सम्मान गरेको छ ।

यसरी सम्मानित हुनेमा शिक्षा क्षेत्रबाट जर्ज जोन र साहित्यको क्षेत्रबाट सरुभक्त रहेका छन् । उनीहरुलाई नगद २५ हजार सम्मान पत्र र दोसल्लाले सम्मान गरिएको थियो । रजत जयन्तीकै अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक वर्ष महत्वपूर्ण स्थानमा सहयोग गर्दै आएको एन प्याब्सन कास्कीले यस वर्ष पोखरा -१ वगरमा रहेको संस्कृति माविमा १ लाखको अक्षयकोष स्थापना गरेको छ । उक्त अक्षयकोषको रकम एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले संस्कृत मावि व्यवस्वस्थापन समितिका अध्यक्ष विष्णु अधिकारीलाई हस्तान्तरण गरे । उक्त अक्षयकोषको प्राप्त व्याजबाट त्यसै विद्यालयको विद्यार्थीलार्य छात्रवृत्ति प्रदान गरिने छ । एन प्याब्सनको उन्नयनमा महत्पूर्ण योगदान पुऱ्याएको भन्दै पूर्व अध्यक्षहरुलाई दोसल्ला र सम्मान पत्रले सम्मान गरिएको थियो । यसरी सम्मानितहुनेहरुमा संस्थापक



अध्यक्ष महेश्वरप्रसाद वाटाजु, पूर्व अध्यक्षहरु वालगोपाल अमात्य, रामप्रसाद शर्मा र रामबहादुर मोची रहेका छन् ।

स्थापना वर्षका आधार यस वर्ष कान्तिपुर एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी, लेखनाथ ममोरियल स्कुल, सङ्गम बोर्डिङ स्कुल, लिटिल बेल्स स्कुललाई सम्मान गरिएको थियो । पूर्व परीक्षा संयोजक सम्मान तर्फ हिमाल गुरुङ, रामचन्द्र भण्डारी, शिवदत्त तिवारी, प्रेमराज अधिकारी र विष्णुप्रसाद अधिकारीलाई सम्मान गरिएको थियो ।

पूर्व सहक्रियाकलाप प्रमुख तर्फ दिपक थापा, शिवदत्त तिवारी र राजु केसीलाई सम्मान गरिएको थियो । यसैगरी एन प्याब्सनमा आवद्ध विद्यालय अन्तर्गत एसईई परीक्षा २०७९ मा उत्कृष्ट जिपिए ल्याउन सफल विद्यार्थी अल्फा एकेडेमीका आदेश भण्डारी, त्रिवेणी पब्लिक माविका कमल भुजेल र डायमन्ड मोडल स्कुलकी कृपा अधिकारीलाई नगद १० हजार र सम्मान पत्रले सम्मान गरिएको थियो । यो वर्ष देखि सम्मान शुरु गरेको एन प्याब्सन आवद्ध विद्यालय अन्तर्गत एस एल सी २०८० मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी कास्की मोर्डनाइज्ड एकेडेमीका शारोन गुरुङ, आस्था गुरुङ र आयुष श्रेष्ठलाई नगद १० हजार सहित सम्मान गरिएको थियो । त्यस्तै सदस्य विद्यालय सागर मेमोरियल बोर्डिङलाई सदस्यता प्रमाण पत्र प्रदान गरिएको थियो ।

एन प्याब्सन कास्कीको मंगलबार वसेको बैठकले साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका सरुभक्त र शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका जर्ज जोन लाई सम्मान गर्ने निर्णय गरेको अध्यक्ष हेमन्त


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा '१२ दुर्वासा' नाटक मञ्चन

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस

पोखरा थिएटरको गन्धर्व नाटकघरमा बिहीबारदेखि '१२ दुर्वासा' नाटक मञ्चन सुरु भएको छ । अमेरिकी नाटककार रेग्नाल्ड रोजद्वारा लिखित उक्त नाटकको नेपाली अनुवाद सुरेश सापकोटाले गर्नुभएको हो । पोखरा थिएटरका अध्यक्ष परिवर्तनको निर्देशनमा तयार पारिएको नाटकमा उहाँसहित १३ कलाकारले अभिनय गर्नुभएको छ । नाटकमा नाट्यकर्मी रमेशबाबु तिमल्सिना, अनुषा परियार, रवीन्द्र मल्ल, सुसन पौडेल, रोशनी रामदाम, धनकाजी श्रेष्ठ, अञ्जु दाहाल, गोपाल भुसाल, राजेन्द्र अधिकारी, मनोज अदित्य, दिप्सा विश्कर्मा र रोहित पौडेल रहनुभएको छ । प्रिमियर शो हेर्न पुगेका दर्शकले उक्त नाटक मन परेको भन्दै नाटक समूहको कामको प्रशंसा गरेका थिए । आगामी माघ १३ गतेसम्म मञ्चन हुने उक्त नाटकले वर्गीय, जातिय, क्षेत्रीय तथा लैङ्गिक समाजको चित्रण गर्ने भएकाले नाटकप्रेमीको ध्यान खिच्ने अपेक्षा गरिएको पोखरा थिएटरका अध्यक्ष परिवर्तनले बताउनुभयो । 'टुबेल एङ्ग्री म्यान'को नेपाली रुपान्तरण रहेको नाटक छोराले बुबालाई मारेको हो होइन भन्ने विषयमा केन्द्रित रहेको छ । यो विषयमा अदालतलाई निर्णय गर्न गाह्रो भएपछि फरक-फरक पृष्ठभूमिका १२ जनाबीच छलफल गरी निर्णय गर्न लगाइन्छ । उनीहरुको विचारमा देखिने विविधता र सङ्घर्ष नै नाटकको विषयवस्तु हो ।


### वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

◆ आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
◆ वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं ।
◆ वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं ।
◆ श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं ।
◆ श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा जाने कामदार हरुले:
–करार बमोजिम काम र सुविधा नपाउने,
–विदेशी भूमिमा पीडित बन्नुपर्ने,
–स्वदेश फर्कन कठिनाई हुने,
–कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
–ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## न्यूयोर्क टाइम्सको घुम्नुपर्ने सूचिमा नेपालको मुस्ताङ

रासस
काठमाडौं, २७ पुस

अमेरिकाको चर्चित अखबार 'द न्यूयोर्क टाइम्स' ले सन् २०२४ मा विश्वभरका घुम्नुपर्ने गन्तव्यको सूचिमा नेपालको मुस्ताङ समावेश गरेको छ । विश्वभरका ५२ ठाउँको सूची सार्वजनिक गर्दै न्यूयोर्क टाइम्सले मुस्ताङलाई सूचिकृत गरेको हो ।

न्यूयोर्क टाइम्सले नेपालको हिमाल पारिको जिल्ला भनेर चिनिने पर्यटकीय क्षेत्र मुस्ताङलाई समावेश गरेको छ । उत्तरी क्षेत्रमा अवस्थित प्राचीन हिमाली अधिराज्यका रूपमा रहेको मुस्ताङले शताब्दीदेखि यसको ग्रामीणपन र संस्कृति बचाएर राखेको टाइम्सले उल्लेख गरेको छ । यसअघि गत वैशाखमा सिएनएनले पनि घुम्नैपर्ने विश्वका २३ ठाउँको सूचीमा मुस्ताङलाई समेटेको थियो । सिएनएनले मुस्ताङलाई चिनाउँदै पर्वतीय पदयात्राका लागि प्रसिद्ध परौणिककालीन पदमार्ग समेत रहेको उल्लेख गरेको थियो । मुस्ताङ धार्मिक, पुरातात्विक एवं पर्यटकीय गन्तव्य हो । प्रसिद्ध धार्मिक स्थल मक्तिनाथ मुस्ताङको धार्मिक पर्यटक आकर्षण गर्ने धरोहर पनि हो । ऐतिहासिक र पौराणिक लोमन्थाङ अर्को आकर्षण छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शैक्षिक गुणस्तर उकास्न मर्जर उत्तम प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले शैक्षिक गुणस्तर उकास्न निम्न स्तरका विद्यालयलाई मर्जरमा लान उत्तम हुने वताएका छन् ।

पोखराको वाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयको ७७औं वार्षिक उत्सव तथा अभिभावक दिवसको शुक्रवार उद्घाटन गदै प्रमुख आचार्यले न्युन विद्यार्थी भएका विद्यालयको शैक्षिक गुणस्तरमा खासै परिवर्तन नभएका वताउँदै, त्यस्ता विद्यालयलाई मर्जर गर्नुपर्नेमा जोड दिनुभयो ।

विन्ध्यवासिनी माध्यमिक विद्यालय कास्कीकै नमुना विद्यालय भएको स्पष्ट पार्दै उहाले मर्जरको भावना अनुरुप यसलाई मेघा विद्यालय वनाईने वताउनुभयो । विद्यार्थी आवागमनमा असहजता रहेको भन्दै प्रमुख आचार्यले यस क्षेत्रमा महानगरको सहयोगमा विद्यार्थीको सहजताका लागी आवागमन पुल निर्माण गर्ने वचन दिनुभयो ।कार्यक्रममा विद्यालयले विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरेको छ ।



कार्य क्षमताका आधारमा उत्कृष्ट शिक्षक कर्मचारी तर्फ महेन्द्र गुफाका काउण्टर म्यान प्रेम खड्का, विद्यालयका सह लेखापाल प्रदीपराज पौडेल, पुर्व प्रा.वि तर्फ शिक्षक पुनम आचार्य, प्रा.वि तर्फ ववीता वानिया, निमावि शिक्षक आत्माराम खनाल, विशेष योगदानका आधारमा सह प्रधानाध्यापक भेषराज पौडेल, वर्षको उत्कृष्ट शिक्षक अवार्ड संगित गायक, अभिभावक तर्फ श्रीधर न्यौपाने, कक्षा १२ तर्फ सुमन वस्नेत, खेमराज पौडेल र माधव अधिकारीलाई सम्मान गरिएको छ। त्यस्तै कक्ष १० अध्यापन गराएका भेषराज पौडेल, दुर्गा सापकोटा, खिमलाल अधिकारी, महेन्द्रमणि पौडेल, राम व. वानिया, शिवप्रसाद सापकोटा, सुशील देवकोटा, कृष्णप्रसाद पौडेल,निर्मल भण्डारी,कृष्ण प्रसाद आचार्य, सरोजनी देवकोटा, खेमराज पौडेल, र होस्टल वाड्रेन नविन अधिकारी, कक्षा ८ को विषयगत तर्फ महेन्द्र प्रसाद पौडेल र ईश्वर खड्का समेतलाई प्रमुख अतिथी आचार्यले सम्मानपत्र र दोशल्ला ओढाएर सम्मान गनुभयो ।

त्यस्तै दीर्घ सेवा सम्मानवाट वसन्त वहादुर भट्टुाई, १५ वर्षे सेवावाट इन्दु भट्टराई , तारा अधिकारी, १० वर्षे सेवा अवधितर्फ दिनेश शर्मा, विष्णु कुवँर र शंकर थापालाइ नगद सहित सम्मानित भए । सोही अवसरमा निवर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा अधिकारी थापा सहितका सदस्य, निवर्तमान शिक्षक अभिभावक संघका सदस्य, निर्माण अनुगमन समिति, विषय छनौट उपसमिति, हिरक विशेषाकं प्रकाशन उपसमितिका सदस्यलाई सममान गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयका जेष्ठ सदस्य गुरुदत्त भट्टराईको अध्यक्षतामा भएको कायृक्रममा विधागत रुपमा विष्णु साहु, रोशनी वि.क, त्यस्तै प्रकृति सुनार प्रनिश पौडेल, एलिश अधिकारी र प्रमोद परियारलाई विन्ध्यवासिनी विद्या पदक प्रदान गरिएको छ । विभिन्न छात्रवृति वितरण गरिएको कार्यक्रममा शिक्षा सम्वन्य प्रमुख लोकनाथ आचार्य, शिक्षक अभिभावक संघका अध्यक्ष भिमप्रसाद पौडेल, शितलादेवी माविका वावुराम अधिकारीलगायतले वोलेका थिए ।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा स्वागत राम व. वानिया र संचालन शिक्षक इन्दु भट्टराई र कर्मचारी भिम गायकले गरेका थिए ।कार्यक्रममा विद्यार्थीले विभिन्न गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

# पोखरा महोत्सवमा रौनक बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस



बिहीबारदेखि पोखराको अमरसिंह मैदानमा जारी बाह्रौं महोत्सवमा रौनक बढ्दै गएको छ । महोत्सवको दोश्रो दिन जारी रहदा महोत्सव स्थलमा हिमाली याकको प्रदर्शनी र घोडसवारले रौनक थपेको हो । हिमाली भेगमा मात्र पाइने याकलाई पोखरा महोत्सवमा पहिलो पटक प्रदर्शनीमा राखिएको हो । याक प्रदर्शनी संगै यसका बारेमा जानकारी दिइने भएकाले महोत्सवमा आउनेहरुले महोत्सवको रमाइलो संगै याकको बारेमा जान्न सक्नेछन । त्यसैगरी महोत्सवमा घोडसवारबाट समेत दर्शकहरुले मनोरन्जन लिन सक्ने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

त्यसैगरी महोत्सव प्रवेशमा काटिने हरेक टिकटमा नेपाल टेलिकमको सिमकार्ड निशुल्क गरिएको छ । महोत्सवको टिकट काटेर भित्र छिर्ने दर्शकले महोत्सव परिसरमा राखिएको नेपाल टेलिकमको स्टलबाट सिमकार्ड लिन सक्नेछन । त्यसैगरी पोखरा महोत्सवमा घरमै बसेर पनि अनलाइनमार्फत टिकट काट्न सक्ने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले बताए। महोत्सवमा वढी भिडभाड हुने भएकाले आयोजकले रेभल संग सहकार्य गरेर अनलाइन मार्फत टिकट काट्ने ब्यवस्था मिलाएको हो ।

महोत्सवमा आउन चाहने दर्शकहरुले घरमै बसेर रेभल एप मार्फत पोखरा महोत्सवको टिकट काट्न सक्नेछन । महोत्सवमा राष्ट्रिय तथा स्थानिय कलाकार हरुद्धारा लोकदोहोरी र विभिन्न ख्याति प्राप्त ब्याण्डहरुको लाइभ कन्सर्टबाट समेत दर्शकहरुले मनोरन्जन लिन सक्नेछन । महोत्सवमा शुक्रबार लोकदोहोरी तर्फ पशुपति शर्मा, जीवन दाहाल, शिवहरी ढुंगाना, केशव सापकोटा, सुरेशरमन अधिकारी, सन्तोष सुवेदी, ज्योती लोहोनी, पुजा तामाङ, शान्ता बर्देवा लगायतको प्रस्तुती मार्फत दर्शकहरुले मनोरन्जन लिएका थिएभने साँझको लाइभ ब्याण्ड तर्फ स्थानिय ब्याण्डहरु ब्ल्याक फेदर, प्रोभर्वस र ब्ल्याक ओको प्रस्तुतीमा युवाहरु झुमेका थिए । महोत्सवमा शनिवार लोकदोहोरी तर्फ प्रिती आले, प्रजापति पराजुली, जिवन दाहाल, शिवहरी ढुंगाना, अमर धिताल, निश्चल थापा, किसन नेपाली, सुरज आचार्य, सरस्वती लामिछाने, इन्द्रा गुरुङ, सगीता गुरुङ लगायतको प्रस्तुती रहनेछने हांस्यब्यङग्य तर्फ दिपक थापा मगर र साँझको लाइभब्याण्ड तर्फ माइलाको प्रस्तुती रहने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# 'पृथ्वीनारायण शाहको इतिहासलाई पर्यटनसँग जोडेर समृद्धि हासिल गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
गोरखा, २७ पुस

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको इतिहास र योगदानको प्रचार-प्रसार गर्दै त्यसलाई पर्यटनसँग जोडेर गोरखाले विकास र समृद्धि हासिल गर्न सक्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

तीन सय दुई औँ पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा नेपाल एकीकरणका अभियान्ता तत्कालीन राजा पृथ्वीनाराण शाहको जन्मथलो गोरखामा शुक्रबार आयोजित कार्यक्रममा सहभागीले अब इतिहासको चर्चा मात्र गर्ने नभई इतिहासलाई समृद्धिका लागि उपयोगसमेत गर्नुपर्ने बताएका हुन् । "पृथ्वीनारायण शाहको इतिहासलाई ऐतिहासिक पर्यटनसँग जोडेर गोरखाको समृद्धिको थालनी गर्न सक्नुपर्छ", जिल्ला समन्वय समितिका प्रमुख मोहनबहादुर थापामगरले भन्नुभयो, "यसले इतिहासको सम्मान मात्र नभएर वर्तमानलाई पनि एउटा गौरवपूर्ण इतिहास बनाउन सकिन्छ ।" उहाँले पृथ्वीनारायण शाहको दिव्य उपदेशबाट सिकेर सबै एकताबद्ध भई समृद्धिको उचाइ हासिल गर्नतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रनिर्माता शाहको कुसल नेतृत्व र दूरदर्शिताका कारण आज नेपाल विश्वसामु परिचित भएको भन्दै थापामगरले अनुकरणीय कार्यको सबै क्षेत्रले अनुशरण गर्नु आवश्यक भएको बताउनुभयो।गोरखानगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरणको अभियानबाट नै आधुनिक नेपालको जगको सुरुआत भएको बताउनुभयो । "यो इतिहास गोरखाको गौरव बनेर रहेको छ ।

यो इतिहासलाई अध्ययन गर्न यहाँ आउन चाहानेका लागि मध्यनजर गर्दै गोरखालाई नेपाल एकीकरणको इतिहासको अध्ययन गर्ने प्रमुख थलोका रुपमा विकास गर्नुपर्छ भनेर लागि रहेका छौँ", उहाँले भन्नुभयो, "इतिहासलाई अब पर्यटनसँग पनि जोडेर समृद्धिको थालनीसमेत गर्नेछौँ ।"

सदरमुकाममा रहेको ठूलो आँगनमा हरेक दिन बिहान र साँझ राष्ट्रनिर्माताको सम्मानमा सेनाले शाहको सालिकमा सलामी अर्पण गर्ने गरेको भन्दै यही सलामी हेर्नका लागि पर्यटक गोरखा आउने भएकाले यहाँ बस्ने र घुम्ने वातावरण बन्दै गएको प्रमुख रानामगरले बताउनुभयो । "नेपाली सेना, गोरखा नगरपालिका र भीमसेन थापा गाउँपालिकाको आयोजनामा पाँच वर्षदेखि शाहले नेपाल एकीकरण गर्दा प्रयोग गरेका पदमार्गमा पदयात्रा गरी पदमार्गको प्रचारप्रसार पनि गरिरहेका छौँ", उहाँले भन्नुभयो, "इतिहासलाई अब इतिहास मात्र होइन समृद्धि र जनताको सुन्दर भविष्यका लागि उपयोग गर्न सक्नुपर्छ ।" कार्यक्रममा नागरिक समाजका अगुवा मोहनलाल श्रेष्ठले राजनीतिक परिवर्तनका घटनाक्रम चलिरहने भए पनि इतिहासलाई कहिल्यै मर्न दिन नहुने बताउनुभयो । "जसले मुलुकका लागि इतिहासका लागि काम गर्छ तिनलाई स्मरण र सम्मान गरिरहनुपर्छ", उहाँले भन्नुभयो, "यसले मुलुक सञ्चालन गर्नेलाई आफू जिम्मेवारीमा रहेका बेला सकारात्मक काम गर्नुपर्छ भन्ने प्रेरणासमेत पैदा गर्दछ ।" कार्यक्रममा ठूलो आँगनमा रहेका राष्ट्रनिर्माता शाहको सालिकमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले सलामी दिनुका साथै गोरखा नगरप्रमुख रानामगरले शाहको सालिकमा माल्यार्पण गरी शाहलाई सम्मानसमेत गर्नुभएको थियो । पृथ्वीजयन्तीको अवसरमा आज बिहान गोरखा सदरमुकाममा बाँजागाँजासहित प्रभातफेरी निकालिएको थियो ।

# सरुभक्त ...

अधिकारीले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी विश्वविद्यालय कास्कीका कुलपति प्रा.डा. गणेशमान गुरुङले शिक्षा क्षेत्रमा लगानी गरेर निजि विद्यालयले विद्यार्थीलाई जिम्मेवार नागरिक वनाउने काम गरेको बताए । शिक्षाविद् जर्ज जोनले शिक्षको क्षेत्रमा निजि विद्यालयले गरेको योगदान अतुलनिय रहेको बताए । साहित्यकार सरुभक्तले साहित्यको विकास गर्न विद्यालय र शिक्षकको महत्वपूर्ण भूमिका रहेको बताए । एन प्याब्सनका केन्द्रीय उपाध्यक्ष याम खड्काले नेपाल सरकारलले निजि क्षेत्रका विद्यालय सञ्चालकलाई सधै हतोत्साहित गर्ने काम गरेको बताए ।

एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, एन प्याब्सनका पूर्व वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्रमोहन भट्टराई, एन प्याब्सन गण्डकीका अध्यक्ष रामबहादुर मोची, कास्कीका उपाध्यक्ष मनकाजी गुरुङ सचिव प्रेमराज अधिकारी विद्यार्थी कृपा अधिकारीले बोलेका थिए ।

# माछापुच्छ्रे गा.पा अध्यक्ष कप भलिबल प्रतियोगिताका ६ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा जारी दोस्रो माछापुच्छे गाउँपालिका अध्यक्ष कप-२०८०, गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको दोस्रो दिन ६ खेल सम्पन्न भएको छ ।



शुक्रबार भएको खेलमा गल्कोट न.पाले शुक्लागण्डकी म.पा तनहुँलाई, चापाकोट म.पा स्याङजाले ताराखोला गा.पा बाग्लुङलाई, बोदीकाली गा.पा नवलपुरले माछापुच्छ्रे गा.पा कास्कीलाई, चापाकोट न.पा स्याङजाले पुन निसीखोला गा.पा बाग्लुङलाई, कालीगण्डकी गा.पा स्याङजाले भिमाद न.पा तनहुँलाई, र अन्नपुर्ण गा.पा कास्कीले रुपा गा.पा कास्कीलाई पछि पर्दै आगामी यात्रा तय गर्न सफल भए । शुक्रबार गल्कोट र कालीगण्डकी विच भएको अन्तिम क्वाटर फाईनल खेल लाईट पोटेष्टका कारण शनिवार ९ बजे सम्मका लागि स्थगित गरिएको छ । अन्तिम क्वाटर फाईनल खेल विजेताले अन्नपुर्ण गा.पा कास्की संग शनिवार हने दोस्रो सेमिफाईनल खेलमा भिडनेछ भने प्रथम सेमिफाईनलको खेल वोदीकाली गा.पा र चापाको न.पा स्याङजा विच शनिवार विहान १० बजे हने खले उप-संयोजक जापान गुरुङले बताए ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ३ लाख र दोस्रो हुने टिमले नगद रु २ लाख साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ त्यस्तै सेमिफाइनल प्रबेश गरेका २ टिम लाई जनही रु ५०/५० हजार रुपैयाँका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार साथै विभिन्न विधागत तर्फ स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर र प्रशिक्षकलाई जनही रु ५ हजारका दरले पुरस्कार प्रदान गरिने छ ।


"स्वास्थ्यको लागि खेलकुद,राष्ट्रको लागि खेलकुद" भन्ने मुल नाराका साथ माछापुच्छे गाउँपालिकाको आर्थिक सहयोगमा खेलकुद विकास समिति माछापुच्छेको आयोजना साथै ३ न. वडा कार्यालय घाचोकको व्यवस्थापन र भलिबल सघ माछापुच्छेको समन्वयमा माछापुच्छे- ३, घाचोक मेधराज मा.विको खेल मैदानमा पौष २६ गते सुरु भएको थियो । प्रतियोगिता २८ गते सम्म संचालन हुने छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पशुपालक किसान घटेपछि उराठ बन्दै खर्क

डम्मर बुढा मगर
बागलुङ, २७ पुस/रासस

एक दशकअगाडिसम्म बागलुङको माथिल्लो खर्क तथा बुकी क्षेत्र भेडाबाखा र गाईभैँसीले भरिन्थे । तत्कालीन समयमा एकै परिवारले एक सयदेखि हजार बढी पशुचौपाया पाल्ने चलन थियो । गाउँमा जनशक्ति प्रशस्तै थिए । तर पछिल्लो समय बुढापाका र बालबालिकाबाहेक युवा शक्ति भेट्याउनै मुस्किल पर्छ । भेडाबाखाको बथानले भरिने खर्क अहिले उराठिलो बनेका छन् ।

खास गरी बागलुङको निसीखोला, ढोरपाटन र ताराखोलाका नागरिकको मुख्य पेसा पशुपालन थियो । युवा शक्ति विदेश पलायन र बजार भर्न थालेपछि पाका पुस्ताले नै पशुपालन पेसा धान्दै आएका छन् । हरेक वर्ष भेडापालन गर्ने किसानको सङ्ख्या घट्दै गएको छ । भेडाबाखा पालेरै परिवार धान्नेहरूलाई बुढेसकालले छोयो । नयाँ पुस्ताले बजार रोजेपछि परम्परागत पेसा नै धरापमा पर्ने चिन्ता पुराना पुस्तालाई छ ।

तमानखोला गाउँपालिका–५ खुङ्खानीका रनबहादुर सिर्पालीले भेडापालन गर्न थालेको ६५ वर्ष बित्यो । ७३ वर्षको उमेरमा पनि उहाँले दुई सय ५० भन्दा बढी भेडाबाखा पाल्दै आउनुभएको छ । बाउबाजेबाट सिकेको पेसालाई सिर्पालीले अहिलेसम्म निरन्तरता दिँदै आउनुभएको छ । १५ वर्षअगाडि गाउँमा ४० घरपरिवार भेडापालनमा आबद्ध भए पनि अहिले पाँच/सात घर मात्रै यो पेसामा रहेको उहाँको भनाइ छ । अधिकांश स्थानीयले पशुपाल्दा चरनका लागि सोलेडाँडा हुँदै, म्याग्दी, सैलुङ धवलागिरि हिमालको काखसम्म पुग्ने गरेको सुनाउँदै अचेल धेरै टाढा पुग्न नपर्ने सिर्पालीले सुनाउनुहुन्छ । घरै अगाडि मोटर गाडी गुड्न थालेपछि स्थानीय घाँस दाउरा गर्न जङ्गल जानुको सट्टा बजार भर्ने गरेको उहाँको भनाइ छ ।

"हामीहरू गोठमै जन्मेउँ, गोठमै हुर्कियौँ र गोठमै काम गर्दै आएका छौँ, हाम्रो पालामा पनि लाहुर जाने भन्ने चलन थियो, तर गइएन, आफ्नो गाउँ छोड्न सकिएन, वर्षौँदेखि पाल्दै आएका वस्तुभाउ छोड्न सकिएन, अहिलेसम्म पनि हामी पशुकै अघिपछि लेक बेँसी गरिरहेका छौँ," सिर्पालीले भन्नुभयो, "हामीभन्दा पाका मान्छे बितिसके, हामीपछिका गाउँमा कम बस्छन्, हाम्रै दौँतरी मात्रै भेडाबाखा पाल्ने गरेका छन्, युवा केटाहरू बजारमै बस्न खोज्छन्, विदेश जान्छु भनेर जान्छन्, पाँच/सात साल आउँदैनन्, आए पनि वन जङ्गलमा गएर भेडाबाखा पाल्दैनन्, हाम्रो परानपछि (मृत्युपछि) गाउँमा भेडाबाखा पाल्ने मान्छे नै हुने छैनन् ।" ढोरपाटन नगरपालिका–९ का बुधबहादुर बिक पनि ४२ वर्षदेखि भेडाबाखा पालन गर्दै आउनुभएको छ । बेलाबेला बिरामी हुने गर्दा अहिले ज्यानले त्यति साथ दिएको छैन । डेढ सय भेडाबाखा पाल्दै आउनुभएकामा अहिले घटाएर पचासको हाराहारीमा मात्रै छन् । १० वर्षपहिले करिब ३० घरका छिमेकी पशुपालनमा आबद्ध भए पनि अहिले घटेर निकै कम भएको बिकले सुनाउनुभयो । छोरो नातिले आफूले गर्दै आएको पेसालाई साथ नदिएको भन्दै गाउँका धेरैले कम मात्रामा पशु पाल्ने गरेको उहाँको भनाइ छ । दशकौँदेखि सयौँको सङ्ख्यामा पशुपालन गर्दै आए पनि अहिलेसम्म राज्यको एक रुपैयाँ पनि अनुदान नलिएको बिकले बताउनुभयो । उहाँले भन्नुभयो, "भेडाबाखा पाल्ने, वनजङ्गल गर्ने त टाढैको कुरा भयो, गाउँमा बस्ने मान्छे नै घट्न थालेका छन्, हाम्रो पालामा छ/सात दिन लगाएर खर्क जान्थ्यौँ, खर्कमा बर्खाको पाँच महिना उत्तिकै बिताउँथ्यौँ, रोल्पा रुकुमबाट धेरै गोठालाहरू आउँथे, डाँडापाखा सबै सेतामय भेडाले ढाकिन्थे, गन्ने नसकिने हुन्थे, अहिले त गोठाला पनि कम भए, भेडाबाखा पनि थोरै भएका छन्, पहिलेको जस्तो खर्कहरू रमाइलो छैनन्, घाँसपातको पीर पनि हुँदैन ।" तमानखोलाका रनबहादुर र ढोरपाटनका बुधबहादुर जस्ता थुप्रै गोठाला अहिले नयाँ पुस्ताले परम्परागत पेसा नअङ्गालेकामा निराश छन् । खर्क र उराठिलो बनेका बुकीले पशुचौपायालाई कुरिरहेका छन् । तर अब तिनीहरूको पर्खाइ पर्खाइमै सीमित हुने निश्चित जस्तो बनेको छ । किनकि नयाँ पुस्ता बुकीमा पुगेर भेडा चराउनुको साटो विदेश पुगेर अनेक काम गर्न तयार छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र बागलुङले हरेक वर्ष पशुपालनमा किसानलाई आकर्षण गर्न विभिन्न कार्यक्रम ल्याइरहेको छ । त्यस्ता कार्यक्रमले दूरदराजका किसानलाई भने छुन सकेको छैन । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले किसानको उत्पादनले उचित मूल्य नपाउने समस्याले गर्दा पशुपालन गर्नेको सङ्ख्या घट्दै गएको बताउनुभयो । केन्द्रले घाँस उत्पादन, दूध उत्पादन गर्ने किसानलाई अनुदान दिने, भेडाबाखा पालन गर्ने किसानलाई लक्षित गरी घाँस उत्पादन बढाउनाका साथै रोगको समस्याबाट पशुचौपायालाई बचाउन खोप कार्यक्रमलाई जोड दिएको उहाँको भनाइ छ ।

"पशुपालन गर्ने किसानको सङ्ख्या घट्दै गएको छ, खासगरी विदेश जाने ट्रेनले गर्दा घटेको हो, हामीहरूले किसानलाई प्रोहोत्सान गर्ने कार्यक्रम गरिरहेका छौँ, सानो कार्यक्रम पालिकाबाट गर्ने, ठूलो जिल्लामा गर्ने गरी योजना पनि बनाएका छौँ, नश्ल सुधार गर्ने कार्यक्रमलाई पनि जोड दिएका छौँ," उहाँले भन्नुभयो, "हाम्रो मुख्य प्राथमिकता रोग नियन्त्रण गर्नु हो, किसानले दुःख गरेर पशुचौपायाा पाल्नु हुन्छ, समय–समयमा रोगले गर्दा मर्छन् र ठूलो क्षति हुन्छ, त्यसलाई रोक्नका लागि खोप प्रभावकारी हुने हुँदा त्यसतर्फ जोड दिएका छौँ ।"

बागलुङमा हाल एक लाख पचास हजार भेडाबाखा, एक लाख १० हजार गाई, २४ हजार भैँसी, १० हजार बङ्गुरलगायत पशुचौपायाा रहेको प्रमुख डा सापकोटाले जानकारी दिनुभयो । अहिले जिल्लाको दशवटा पालिकामा विभिन्न रोगविरुद्ध खोप लगाउने अभियान सुरु भएको भन्दै गाउँगाउँमा पशु प्राधिकि खटाएको उहाँले बताउनुभयो ।

# ताल संरक्षण गरेर पर्यटन प्रवर्द्धन गर्दै तमानखोला गाउँपालिका

रासस
बागलुङ, २७ पुस

समुद्री सतहदेखि तीन हजार मिटरको उचाइमा छ, बराह ताल । हिउँदमा हिउँ फूलले ढाकिने र बर्खामा चारैतिर हरियाली देखिने यो ताल बागलुङको मुख्य पर्यटकीय गन्तव्य हो । बोङ्गादोभान र भयरबोङ्गा गाउँको शिरमा रहेको बराह ताल अहिलेसम्म संरक्षित हुन सकेको थिएन । ताल संरक्षण नहुँदा यहाँ पुग्ने पर्यटकले फोहर फ्याँकने र पानी दूषित बनाउने गर्थे । अहिले तमानखोला गाउँपालिका तालको संरक्षणमा जुटेको छ ।

घना जङ्गलको बीचमा रहेको यो ताल पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । सिद्धबराह मन्दिर पनि यही ताल छेउमै छ । त्यसले धार्मिक पर्यटकलाई आकर्षित गर्ने गरेको छ । पदयात्राका लागि निकै सम्भावना बोकेको बराह तालमा भौगोलिक विकटताका कारण अघिल्लो वर्षसम्म सडक पुगेको थिएन । गाउँपालिकाले गत वर्षमात्रै भयरबोङ्गा, मुठाचौर हुँदै यहाँ सडक पुऱ्याएको छ ।

पहाडको टुप्पोमा रहेको तालमा ढोरपाटन नगरपालिकाको अधिकारीचौर, तमखेला–२ खोलेस्वाङ र भयरबोङ्गा गाउँबाट सहजै पुग्न सकिन्छ । गाउँपालिकाको केन्द्र बोङ्गादोभानबाट पैदल यात्रा गरेको दुई घण्टामै यहाँ पुग्न सकिन्छ भने गाडीमा एक घण्टामै पुग्न सकिन्छ । पालिका केन्द्रदेखि खोलेस्वाङसम्म गाडी र एक घण्टाको जङ्गलमा पैदल यात्रा गरी करिब ४५ मिनेटमा तालसम्म पुग्न सकिन्छ । तालसम्म पुग्नका लागि धेरै गोरेटो रहेको हुँदा पर्यटकलाई यहाँ पुग्न समस्या छैन । ताल र छेउँमै रहेको सिद्ध बराह मन्दिर तथा यहाँबाट देखिने अनगिन्ती हिमश्रृङ्खला र दृश्यले जोकोहीलाई मोहित पारिरहेको छ । बागलुङ जिल्लाकै सबैभन्दा उच्च स्थानमा रहेको ताल अघिल्लो वर्षसम्म व्यवस्थित बन्न सकेको थिएन । गाउँपालिकाले केही वर्षयता निरन्तर काम गर्दै आएपछि पर्यटक पनि बढ्न थालेका छन् । केही वर्ष अगाडिसम्म गाउँलेले पूजा गर्ने ठाउँ बराह ताल क्षेत्र हो ।

गोठालाले पशुचौपाया चरन क्षेत्रका रुपमा सो क्षेत्र प्रयोग गर्ने गर्छन् । वर्षौं पहिले बनेको जीर्ण मन्दिर, खुला ताल र अव्यवस्थित तालका कारण पर्यटक पुग्न सकेका थिएनन् । गाउँपालिकाले मन्दिरको पुनर्निमाणसँगै प्रचारप्रसार थालेपछि अहिले आन्तरिक पर्यटक आकर्षित हुँदै गएका छन् । तमानखोला–२ मुठाचौरमा रहेको बराह तालमा गाउँपालिका र प्रदेश सरकारले अहिलेसम्म रु एक करोड बढी लगानी गरेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिनुभयो । लामो समयदेखि अव्यवस्थित बनेको तालको संरक्षणसँगै अन्य संरचना बनाएपछि अहिले निकै व्यवस्थित बनेको अध्यक्ष बुढामगरको भनाइ छ । पालिकाले ताल र मन्दिर नजिकै शौचालय, खानेपानीको व्यवस्थापनसँगै घेराबार गरिरहेको उहाँले बताउनुभयो । पदमार्गसमेत निर्माण भइसकेको हुँदा पर्यटकलाई सहज भएको बुढामगर बताउनुहुन्छ । "बराह तालमा हामी निर्वाचित भएर आएदेखि नै संरक्षण र प्रचारप्रचारमा जुटेका छौँ, अघिल्लो कार्यकालदेखि लाखौं रकम विनियोजन गरेर काम गर्दै आएका छौँ, मन्दिर, खानेपानी, शौचालय र घेराबारको काम भएको छ, पोहरसालसम्म मोटरबाटो पुगेको थिएन, प्रदेश सरकारसँग सहकार्य गरेर बाटो पुऱ्यायौँ," अध्यक्ष बुढामगरले भन्नुभयो, "पहिले सुनसान थियो, निकै कम पर्यटक आउने गर्थे, अहिले सडक पनि पुग्यो, पदमार्ग पनि निर्माण गऱ्यौँ, यहाँसम्म पुग्न सहज भएपछि धेरै पर्यटक पुग्न थालेका छन्, यसको प्रचारप्रसार र थप संरचना बनाउनका लागि गाउँपालिकाले हरेक वर्ष बजेट विनियोजन गरेर काम गर्दै आएको छ ।" ताल नजिक रहेको सिद्ध बराह मन्दिरमा पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । वैशाखे पूर्णिमामा बागलुङका विभिन्न स्थान, गुल्मी, प्युठान, अर्घाखाँचीलागायत ठाउँबाट भक्तजन पूजाआजा गर्न यहाँ आउने गर्छन् । यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्णलगायत दर्जनौँ हिमशृङ्खला देखिने अध्यक्ष बुढामगरको भनाइ छ । यो याम घुमफिर र वनभोजको हुँदा बिदाका दिन सयौँ मान्छे बराह ताल पुग्ने गरेका छन् ।

स्थानीय तिलकुमारी रसाइलीले अहिले बराह ताल राम्रो बनेको बताउनुभयो । पहिलेपहिले पुशचौपाया र यहाँ आउने मान्छेले ताल फोहर गर्ने गरेको जनाउँदै उहाँले अहिले पानी सफा रहेको बताउनुभयो । तीन वर्ष अगाडिसम्म नयाँ वर्ष, होली पूर्णिमालगायत पर्वमा पर्यटक यहाँ घुम्न आउने गरेकामा अचेल हरेक महिना तालमा आउने, फूलसँग रमाउने र फोटो खिच्ने गरेको रसाइलीले बताउनुभयो । तालसम्म बाटो पुगेपछि स्थानीयलाई समान ढुवानी गर्न र यात्रा गर्न सहज भएको उहाँको भनाइ छ ।

रसाइलीले भन्नुभयो, "पहिला तालमा बाहिरबाट आउने मान्छेले चाउचाउ, बिस्कुटका कागज, पानीका बोतल र फाल्ने गर्थे, गाईभैँसी तालमा छिर्थे, जसले गर्दा तालको पानी फोहर हुने गर्थ्यो, अहिले निकै सफा छ, राम्रो पनि देखिएको छ, पहिलेको तुलनामा घुम्न आउने मान्छे पनि बढेका छन्, पैदल हिँड्ने बाटो पनि बनेको छ, गत वर्षदेखि गाडी हिँड्ने बाटो बनाएका छन्, त्यही भएर मान्छे त्रिपाल टाँगेर राति बास बस्न पनि यहाँ आउँछन् ।"

# बहुवर्षीय आयोजना कार्यान्वयनमा ल्याउन थालियो

पोखरापत्र संवाददाता
म्याग्दी, २७ पुस

गण्डकी प्रदेश सरकारले म्याग्दीमा सञ्चालन गर्न लागेका बहुवर्षीय सडक आयोजनाको कार्यान्वयन सुरु भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा जिल्लामा गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट बजेट स्वीकृत भएका ती योजना ठेक्कामार्फत कार्यान्वयन गर्न लागिएको हो ।

बहुवर्षीय योजनाका लागि छनोट भएर स्रोत सुनिश्चित गरिएपछि बेनी–तोरीपानी सडक रु २० करोड र म्याग्दीको पश्चिम भेग हुँदै जाने दरबाङ–मुना–ढोरपाटन सडक योजनालाई रु २५ करोड बजेटबाट स्तरोन्नति गर्न ठेक्का आह्वान गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विष्णु पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष तोरीपानी सडकलाई रु चार करोड र मुना सडकलाई रु पाँच करोड बजेट प्राप्त भएको छ । बेनी–अथुङ्गे–तोरीपानी हुँदै पाखापानी जोड्ने सडकखण्डअन्तर्गत नेप्टेचौरसम्म सडक कालोपत्रे गर्ने र त्यहाँदेखि तोरीपानीसम्म ढलान, ग्राभेल, नाली निर्माण गरेर सडक स्तरोन्नति गरिने कार्यालय प्रमुख पौडेलले बताउनुभयो । "यो सडकखण्डमा बेनी नगरपालिकाले सडक स्तरोन्नति गर्ने योजना अघि बढाएको छ, नगरपालिकाले काम गर्ने ठाउँदेखि अघिबाट हामीले काम गर्ने गरी लागत स्टिमेट बनाएका छौँ, यो योजनाबाट चार दशमलव तीन किलोमिटर सडक स्तरोन्नति गरिने लक्ष्य छ", प्रमुखले भन्नुभयो । धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने दरबाङ–मुना–ढोरपाटन सडकको ताकम धारापानीदेखि सिवाङसम्म छ किलोमिटरभन्दा बढी सडक फराकिलो, नाली निर्माण, ग्राभेल र ढलान गरी सडक स्तरोन्नति गर्न रु २५ करोडमा ठेक्का आह्वान गरिएको छ । यस सडकखण्डको ताकम बस्तीमा सडकलाई कालोपत्रे गरिने कार्यालयले जनाएको छ । यस वर्ष कार्यान्वयन गर्न लागिएका सात योजनामध्ये स्रोत सुनिश्चित भएर ठेक्का आह्वान भएका यी दुई योजनालाई आगामी चैत महिनादेखि निर्माण व्यवसायीलाई कार्यक्षेत्रमा परिचालन गर्ने गरी तयारी थालिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट प्राप्त बजेटमार्फत यस वर्ष जिल्लामा बहुवर्षीय योजनाअन्तर्गत पाँच वटा सडकका योजना र दुई वटा पुल गरी सात वटा ठूला योजना कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढेको गण्डकी प्रदेश सभासदस्य हरिबहादुर भण्डारीले बताउनुभयो ।

गण्डकी प्रदेश सरकारबाट मालिकाको दरबाङ–बिम–दिच्याम सडक स्तरोन्नतिका लागि रु चार करोड बजेट विनियोजन भएको छ । मङ्गलाको पोखेर–बरन्जा हुँदै बागलुङको ताराखोला गाउँपालिका जोड्ने सडक र बेनीको हँडेभिर–बगरफाँट–दुधेखोला हुँदै मुसुङ सडक योजनाका लागि रु दुई/दुई करोड बजेट विनियोजन भएको छ । यसैगरी मालिकाको दरबाङ–अदिभरा, डाँडागाउँ–सोले हुँदै बागलुङको तमान बुर्तिबाङ जोड्ने सडक योजनाका लागि रु दुई करोड विनियोजन भएको छ । यस्तै सडक पुलतर्फ धौलागिरि गाउँपालिकाको खोरियादेखि लमसुङ जोड्न दरखोलामा मोटरेबल पुल निर्माणका लागि रु ८० लाख, मालिका गाउँपालिका–७, बिम र धौलागिरि गाउँपालिका–६, मराङ जोड्ने शिवरात्रि खोलामा पुल निर्माणका लागि रु ५० लाख बजेट विनियोजन भएको छ ।

विनियोजित बजेटलाई कूल अनुमानित लागतको २० प्रतिशत मानेर स्रोत सुनिश्चित गरी बहुवर्षीय ठेक्कामार्फत योजना कार्यान्वनयमा लैजान थालिएको प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताउनुभयो । "धेरै भूगोललाई समेट्ने गरी सडक र पुलतर्फका योजनालाई प्राथमिकताका साथ कार्यान्वनयमा लैजान पहल गरेका छौँ, हिउँदयाममा नै कार्यान्वनयमा जाने गरी बजेट व्यवस्थापन र स्रोत सुनिश्चित गराउनेतर्फ हाम्रो जोड रहेको छ, दुई बहुवर्षीय योजनामा ठेक्का लाग्यो, अरु प्रक्रियामा छन्", उहाँले भन्नुभयो । प्रदेश सरकारबाट यस वर्ष म्याग्दीमा छ वटा क्रमागत योजनासहित ५५ वटा सडक योजनाको लागि बजेट विनियोजन भएको छ । पूर्वाधार विकास कार्यालयका अनुसार नौवटा योजनाको सम्झौता भएको छ भने १० वटा ठेक्का प्रक्रियामा छन् । धौलागिरि गाउँपालिका–१ गुर्जालाई सडक सञ्जालले जोड्ने गरी रु दुई करोड बजेट विनियोजन भएको र लुलाङ–गुर्जा मोटरबाटोका लागि विनियोजित रकम कार्यान्वनय गर्न गाउँपालिकालाई नै अख्तियारी दिइएको छ ।

# डब्ल्यूटिओको व्यापार समिति अध्यक्षमा नेपाल निर्वाचित

रासस
काठमाडौं, २७ पुस

विश्व व्यापार सङ्गठनको आजको परिषद् बैठकले नेपालका स्थायी प्रतिनिधि रामप्रसाद सुवेदीलाई सङ्गठनको 'व्यापार तथा विकास' समितिको अध्यक्षमा एक वर्षका लागि निर्विरोध निर्वाचित गरेको छ । परिषद्का अध्यक्ष अथालिहा लेसिबा मोलोकोमे गर्नुभएको प्रस्तावमा विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्रहरूले समर्थन गरेका थिए ।

नेपाल सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य भएपछि उक्त सङ्गठनको अध्यक्षमा नेपाल पहिलोपटक निर्वाचित भएको हो । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएको २० औं वर्ष मनाइरहदा प्राप्त यो अवसर नेपालको लागि गौरको विषय हो । नेपालले उक्त पदको जिम्मेवारी यस वर्षको दोस्रो नियमित बैठकबाट आरम्भ गरी सन् २०२५ पहिलो नियमित बैठक सम्म सम्हाल्ने जेनेभास्थित नेपालको नियोगले जनाएको छ ।

विश्व व्यापार सङ्गठन मूलत अन्तराष्ट्रिय व्यापारको नियम बनाउने सर्वोच्च निकाय भएता पनि पछिल्ला छलफल तथा बहसहरू विकास केन्द्रित हुने गरेका छन । नेपाललाई विश्वव्यापार सङ्गठनको माराकेस सम्झौताको क्षेत्राधिकार भित्र रहि व्यापार र विकाससंग सम्बन्धित विषयमा सदस्य राष्ट्रहरूलाई संयोजन गर्ने र साझा सहमति गराउने अवसर मिल्ने छ । समितिको अध्यक्षमा राजदूत सुवेदीको नियुक्तिले नेपाललाई विश्व व्यापार सङ्गठनका सदस्यहरुबीच विचारविमर्श र सहजीकरणका साथै विकास, व्यापार र लगानीका विषयमा विकास सरोकारवालाहरूसँगको संवादमा संलग्न हुन अवसर मिल्नेछ भने यो भूमिका दोहा कार्ययोजनाअनुसार अतिकम विकसित मूलुकका लागि व्यापारका लागि सहायताको परिचालन र मूलप्रवाहिकरण गर्ने सन्दर्भमा नेपालका निम्ति यो उपलब्धि हो । विश्वव्यापार सङ्गठनका अन्य निकायहरूमा रहेका अति कम विकसित मुलुकका हितका विषयवस्तुहरू सहजिकरण गर्न र अतिकम विकसित मुलुकहरुको समूहबाट स्तरोन्नति हुने चरणमा रहेका मुलुकका निम्ति अनुकूल वातावरण बनाउन गर्न महत्वपूर्ण हुनेछ । सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकहरूको समूहबाट स्तरोन्नतिको क्रममा रहेकाले नेपालको भूमिका अझ सान्दर्भिक हुने जेनेभास्थित नेपाली नियोगले जनाएको छ ।

# सूचना प्रविधिको बृहत् सम्मेलन 'वर्डक्याम्प नेपाल' पोखरामा

रासस
काठमाडौं, २७ पुस

पोखरामा शुक्रबारदेखि 'वर्डक्याम्पनेपाल'को छैटौं संस्करण सुरु भएको छ । वर्डप्रेस नेपालले सन् २०१२ देखि नेपालमा वर्डक्याम्प आयोजना गर्दै आइरहेको छ ।

पछिल्लोपटक सन् २०२२ मा भरतपुरमा सफलतापूर्ण सम्पन्न भएको यस सम्मेलन यसपटक पोखरामा गरिएको हो । वर्डक्याम्पमा पोखराभन्दा बाहिरका चार सय स्वदेशी, बङ्गलादेश, भारत, अमेरिका, मलेसिया, युरोपियन मुलुकबाट दुई सय गरी झण्डै एक हजार सहभागी रहेको वर्डक्याम्प नेपाल २०२४ का स्थानीय संयोजक निशाल गुरुङले बताउनुभयो ।

सम्मेलनको पहिलो दिन वर्डप्रेसलाई अझ सुरक्षित, उत्कृष्ट तथा सबल बनाउन कसरी योगदान गर्न सकिन्छ भन्नेबारे जानकारी एवं दोस्रो दिन मुख्य सम्मेलन सम्पन्न हुने उहाँले जानकारी दिनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वक्ताहरूले वर्डप्रेस साथै सूचना प्रविधिसम्बन्धी विभिन्न विषयमा रहेर जानकारी तथा प्रशिक्षण दिनुहुने जनाइएको छ ।

सम्मेलन उद्घाटन गर्दै गण्डकी प्रदेश सरकार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सूचना प्रविधिका क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै अघि बढ्नु अहिलेको आवश्यकता भएको बताउनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वस्थ्यमा सुधार | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाव | कुम्भ | : कार्यमा सफलतामन |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

